# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) बुटवल, रूपन्देही, साउन ३१ गते, २०७५ साल (अतिरिक्ताङ्क १४

## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७५ सालको ऐन नं. दो. अ. ९

**प्रदेश नं. ५ अन्तर्गतका गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन**

**<u>प्रस्तावनाः</u>** प्रदेश नं. ५ अन्तर्गतका गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

प्रदेश नं. ५ प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम, प्रारम्भ र विस्तार</u>** : (१) यस ऐनको नाम "प्रदेश नं. ५ अन्तर्गतका गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन प्रदेश नं. ५ प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति देखि प्रारम्भ हुनेछ ।

(३) यो ऐन प्रदेश नं. ५ प्रदेश भरका स्थानीय तहको लागि लागू हुनेछ ।

२. **<u>प्रदेश नं. ५ अन्तर्गतका गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ मा दफा २८ थपः</u>** प्रदेश नं. ५ अन्तर्गतका गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ को दफा २७ पछि देहायको दफा २८ थपिएको छः-

"२८ **खारेजी र बनाउः** यस पूर्व स्थानीय तहले निर्माण गरेका ऐन यसै ऐन अनुसारको प्रक्रिया अवलम्बन गरी निर्माण गरेको मानिने छ ।"

प्रमाणीकरण मितिः २०७५।०४।३१

**आज्ञाले,**
**डा. मान बहादुर वीके**
**प्रदेश सचिव**